# धनगढी उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## पशु सेवा शाखा, धनगढी, कैलाली
## सुदुरपश्चिम प्रदेश

प.सं. २०७९/०८०

च.नं.

प्रकाशित मिति २०७९/११/०४

विषय : सूचना । सूचना ॥ सूचना ॥

उपरोक्त सम्वन्धमा यस कार्यालयको आ.व. २०७९/०८० को स्वीकृत बार्षिक कार्यक्रम अनुसार कुकुर वन्ध्याकरण शिविर संचालन कार्यक्रममा विनियोजित रुकम रु. ५,००,०००।- बाट सामुदायिक कुकुरहरुको वन्ध्याकरण गरिने भएकोले ईच्छुक पशु कल्याणमा संलग्न संघ, संस्था, भेटेरिनरी क्लिनिक/अस्पतालबाट तपसिल बमोजिमको शर्त पालना गर्ने गरि उपरोक्त रकमबाट सम्पुर्ण व्यवस्थापन सहित के कति सामुदायिक कुकुर बन्ध्याकरण गर्न सकिने हो स्पस्ट खुलाई लिखित रुपमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र प्रस्ताव पेश गर्न हुन अनुरोध छ। साथै लागत साझेदारी गरि कार्य संचालन गर्न चाहने संघ संस्थालाई प्रथमिकता दिईने छ।

शर्तहरु

१. उपरोक्त रकमबाट कुकुर बन्ध्याकणका लागि आवस्यक पर्ने औषधि, सर्जिकल सेवा, रेबिज खोप, कुकुरलाई आवस्यक आहारा, आतेजाते, होटल बास, खाना नास्ता तथा अन्य ब्यवस्थापन सम्बन्धित पक्षले गर्नु पर्ने छ। माथि उल्लेखित रकममा कुनै पनि कारणले थप रकम भुक्तानी दिईने छैन।

२. धनगढी उप-महानगरपालिकाको प्रत्यक्ष रेखदेखमा कार्य गर्नु पर्ने छ र कार्यालयले कार्यक्रम अवधिभर अनुगमन गर्न सक्ने छ।

३. थप विषय आपसी समझदारीमा द्विपक्षीय सम्झौतामा उल्लेख गरि कार्य संचालन गरिने छ।

४. सूचनाको म्याद सकिने अन्तिम दिन सार्बजनिक विदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुल्ने दिनको कार्यालय समयमा प्रस्ताव पेस गर्न सकिने छ।

..................

(नरेन्द्र बहादुर खाती )

नि. प्रमुख प्रशासकीय अधिकृत